नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ { ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np
Facebook page: www.facebook.com/daopalpa

पत्र संख्या : ०७७/७८

मिति : २०७७।०५।१२

## प्रमुख जिल्ला अधिकारीबाट जारी भएको निषेधाज्ञा सम्बन्धी आदेश

मिति २०७७/०५/०४ गते प्रमुख जिल्ला अधिकारीबाट पाल्पा जिल्लाभरि लागू हुनेगरी जारी गरिएको आदेशको अवधि आज मिति २०७७/०५/१२ गते राति १२:०० बजेदेखि २०७७/०५/१९ गते राति १२:०० बजेसम्मका लागि देहायबमोजिम संशोधितरुपमा व्यवस्थित गर्नेगरी थप गरिएको छ । आदेशको उल्लंघन प्रचलित कानून बमोजिम सजायको विषय हुनेछ ।

### सवारी साधन

- सार्वजनिक तथा निजी सवारी साधन बाहेक एम्बुलेन्स, शववाहन, खाद्य सामग्री, औषधी, दाना, पानी, दूध, फलफूल, ग्याँस, पेट्रोलियम पदार्थ बोकेको सवारी साधन तथा झण्डावाहक र कुटनीतिक नियोगका सवारी साधन सुचारु रहनेछन् ।

### सेवा प्रवाह

- स्वास्थ्य, सुरक्षा, सञ्चार, विद्युत, खानेपानी, ATM Counter, हुलाक बाहेक सबै सरकारी, सार्वजनिक, बैंक तथा वित्तीय संस्थाका सेवाहरु बन्द रहनेछन् ।
- होटेल तथा रेष्टुरेण्ट, ब्युटी पार्लर, शैलुन, जीमखाना, बन्द रहने तर खाद्यान्न, फलफूल, तरकारी, दूध, डेरी र अन्य पसलहरु विहान ७:०० बजेदेखि ११:०० बजेसम्म खुला रहनेछन् ।

### अन्य व्यवस्था

- एम्बुलेन्समा चालकवाहेक बिरामी र एकजना कुरुवा तथा अन्य माथि उल्लिखित सामग्री ढुवानी गर्ने साधनमा चालक र सहचालकमात्र रहने र यस्ता सवारी साधनहरु गन्तव्यमा पुगेर मात्र रोकिने व्यवस्था गर्नु पर्नेछ ।
- अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कदा अनिवार्यरुपमा मास्कको प्रयोग र स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नु पर्नेछ ।

..................
(रमेश न्यौपाने)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी